नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन 01-4200323, 4200308
फ्याक्स नं. 01-4200322

अनुगमन तथा मूल्यांकन शाखा

पत्र संख्याः- 073/74

चलानी नं.:- 986.

मिति :- २०७३।१०।१०

श्रीमान् स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय
सबै।

विषयः- केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको निर्णय कार्यान्वयन एवं प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन,२०६४ को दफा ३८ बमोजिम नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा गठित केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको मिति २०७३।०९।२६ गते बसेको ४७ औं बैठकका निर्णयको देहायको बुँदा नं. १ (घ) कार्यान्वयन गरी जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समितिले गरेको प्रतिवेदन मन्त्रालयमा गठित अनुगमन तथा मूल्यांकन एकाईको संयोजन गर्ने यस अनुगमन तथा मूल्यांकन शाखामा समेत उपलब्ध गराइदिनुहनु निर्णयानुसार अनुरोध गरिन्छ ।

निर्णयको व्यहोरा :-

घ) जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समितिले गरेको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन क्षेत्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा र क्षेत्रीय अनुगमन तथा मूल्यांकन समितिले गरेको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन मूल्याङ्कन तथा अनुगमन एकाई (मन्त्रालयमा गठित) मा नियमित रुपमा पठाउने व्यवस्था मिलाउन सम्बन्धित सबै पदाधिकारीहरुलाई निर्देशन दिने ।

(भुपेन्द्र रायमाझी )
शाखा अधिकृत